- विद्यालय सुधार योजना २०८१-२०८५ निर्माण भइ कार्यान्वयनमा रहेको । निर्माणमा सरोकारवालाहरूको सहभागिता देखिएको ।

## २. सामाजिक परीक्षणमा अवलम्बन गरिएका प्रक्रियाहरु

- मिति २०८२।०४।०८ मा शिक्षक अभिभावक सङ्घको मिटिङबाट सामाजिक परीक्षण समिति गठन भएको ।
- सामाजिक परीक्षण निर्देशिका २०७८ अनुसार मिति २०८२।०७।१९ सामाजिक परीक्षण समितिले प्राविधिक समिति गठन गरी सामाजिक परीक्षण भएको ।
- सामाजिक परीक्षण सिलसिलामा सामाजिक परीक्षण समितिले विभिन्न मितिमा बैठक राखी छलफल, अन्तरक्रिया र सोधपुछ गरिएको ।
- सामाजिक परीक्षणको क्रममा विद्यालयबाट उपलब्ध गराइएको तथ्याङ्क र विद्यालय अभिलेखको जाँच गरिएको ।
- सामाजिक परीक्षणका क्रममा जम्माजम्मी ९ वटा बैठक बसी अध्ययन भएको ।
- विभिन्न मितिमा सरोकारवालासँग छुट्टाछुट्टै प्रतिक्रिया लिइएको ।

## ३. विद्यालयको नाममा रहेको जग्गा एवं स्रोतको उपयोगको अवस्था

- केरवानी मा.वि.को विद्यालय क्षेत्रमा करिवा ४ बिघा १० कठ्ठा र प्रगति केन्द्रमा करिव १० कठ्ठा जग्गा रहेको । विद्यालय क्षेत्रको जग्गा प्रयोग भएको देखिएको । प्रगति केन्द्रको दक्षिणतर्फको जग्गा व्यवस्थित गर्नु पर्ने देखियो । साथै केरवानीमा समेत यस विद्यालयको जग्गा रहेको अभिलेख प्राप्त हुन आएकाले उक्त जग्गा संरक्षण गर्नु पर्ने सुझाब प्रदान गरिन्छ । यस सन्दर्भमा गतवर्ष पनि सुझाब दिइएको पाइयो । यसका लागि विद्यालय व्यवस्थापन समितिले ध्यान दिनु पर्ने देखिन्छ ।
- साबिक बघौर प्रा.वि.को नाममा श्रेष्ता कायम रहेको जग्गाको स्रेस्ता नामसारी गरी उपभोग बढाउनु पर्ने देखिन्छ ।
- कक्षा कोठा, भवन र फर्निचर पर्याप्त मात्रामा भए पनि विद्यार्थीका लागि आधुनिक, प्रविधियुक्त कक्षाकोठा र फर्निचरहरु बनाउन आवश्यक रहेको ।
- खानेपानी सुविधा उपलब्ध भए तापनि गर्मी महिनामा भूमिगत खानेपानीको प्रयोग बढी भएको पाइयो । बेलाबेलामा पानीको अभाव पनि हुने गरेको । चिसो तथा फिल्टर गरिएको खानेपानीको सुबिधा ब्लकअनुसार उपलब्ध भएको पाइयो । आगामी दिनमा दीर्घकालीन योजनाका रुपमा विद्यालयमा खानेपानीको सहजताका लागि बोरिङ धसाउनुका साथै खानेपानीको टङ्की निर्माण गर्नु पर्ने देखिन्छ ।
- खेल मैदान प्रशस्त्र रहेको पाइयो । भलिबलको कोर्ट रहेको पाइयो । अन्य खेलका लागि समेत कोर्ट र फिल्ड तयार गर्न सुझाब दिइएको छ ।
- प्रशासनिक भवन गेट नजिक रहेको पाइयो ।
- शौचालय व्यवस्था भएको, सरसफाइको अवस्था सन्तोषजनक भएको ।
- पुस्तकालयको व्यवस्था भएको पाइयो । पुस्तकालयको प्रयोग बढाउनका लागि विद्यार्थीलाई उत्प्रेरित गर्ने, पुरस्कृत गर्ने तथा पुस्तकालयमा विद्यार्थीमैत्री वातावरण तयार गर्नु पर्ने ।
- विज्ञान तथा कम्प्युटर प्रयोगशाला भएको, प्रयोगशालाको सरसफाइ र सुरक्षामा ध्यान दिइनु पर्ने । विज्ञान प्रयोशाला असुरक्षित रहेकोले स्थानान्तरण गर्नु पर्ने ।
- कृषि सामग्रीहरु आवश्यक मात्रामा रहेको पाइयो । यसको व्यवस्थित प्रयोग हुनु पर्ने देखिन्छ ।

### ४. पारदर्शितासम्बन्धी क्रियाकलापहरु

- तथ्याङ्कका अभिलेख, निर्माण, प्रस्तुती गरेको, वार्षिकोत्सब तथा केरवानी मा.वि.को वेबसाइटबाट सार्वजनिक भएको ।
- भित्ते सूचना र सार्वजनिक सञ्जाल (केरवानी मा.वि. र केरवानी प्रगति मन्टेश्वरी) पेजमार्फत सूचना सार्वजनिकीकरण गर्ने गरेको ।
- सूचना पार्टी र सूचना टाँसको अवस्था राम्रो भएको ।
- सिस्टमेटिक सफ्टवेयरबाट विद्यालयको आम्दानीको अभिलेख राखिएको । दैनिक रुपमा हुने आम्दानी तथा खर्चको विवरणहरु कम्प्युटर सफ्टवेयरमार्फट अभिलेख कायम भएको पाइयो । वेद एपमा रहेका सुबिधाहरु प्रयोग नभएको पाइएकाले यसका धेरै सुबिधाहरुको प्रयोग हुनु पर्ने देखियो
- विद्यालयमा इ हाजिरीको व्यवस्था केरवानी मा वि मा रहेको पाइयो । यसको नियमित अभिलेखीकरण भएको पाइएन । यसको नियमित अभिलेखीकरण तथा प्रगति केन्द्रमा पनि इ हाजिरीको व्यवस्था हुनु पर्ने देखियो ।
- विद्यालयसँग सम्बन्धित सूचना सम्प्रेणका लागि विद्यालयको वेवसाइट, केरवानी एप्लिकेशन, म्यासेन्जर ग्रुप प्रयोग भएको तथा सामाजिक सञ्जाल प्रयोग भएको पाइयो । यसको उपयोगितालाई प्रभावकारितालाई बृद्धि गर्नु पर्ने सुझाब प्रदान गरिन्छ ।
- गुनासो र सुझाव पेटिका राखिएको र बेलाबेला उक्त पेटिकामा आएका सुझाब तथा गुनासो हेर्ने गरेको पाइयो । यसलाई व्यवस्थित गर्न गुनासो अधिकारीमार्फत गुनासो तथा सुझावको व्यवस्थित अभिलेखिकरण गरि सम्बन्धित निकायमा निर्णयार्थ लानु पर्ने सुझाब प्रादान गरिन्छ । दोहरिएको गुनासोलाई संवेदनशील रुपमा लिई तत्काल समाधान गर्नु पर्ने देखिन्छ । गुनासोको सम्बोधन प्रभावकारी बनाउन गुनासो सुनुवाइ कार्यबिधि अनुसार सुनुवाइ हुने व्यवस्था मिलाउनु पर्ने देखिएको छ ।
- अभिभावक भेलामा आयव्यय सार्वजनिक गर्ने गरेको पाइयो । कक्षागत अभिभावक भेला भएकोसमेत अभिलेख पाइयो । अभिभावकसँग गुणस्तर सुधारमा छलफल भएको पाइयो । विद्यार्थीको शैक्षिक गुणस्तर विकास गर्न भर्नामा प्रवेश परीक्षा लिइ राम्रो नतिजा निकाल्न सक्ने विद्यार्थी तथा अभिभावक पहिचान गरी भर्ना कार्यक्रमलाई व्यवस्थित बनाउनु पर्ने देखियो ।
- विद्यार्थीको नतिजा बृद्धि गर्न योजनाबद्ध रुपमा अभिभावकसहित छलफल गर्न उपयुक्त हुने सुझाब प्रदान गरिन्छ । अभिभावकको चासो र चिन्ता कम देखिएकाले अभिभावकको चासो बृद्धि गर्ने रचनात्मक कार्यक्रम बढाउन आवश्यक छ ।
- अभिभावक सुनुवाइ कार्यक्रम, सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु पर्ने देखियो । यसलाई नियमित गर्नका लागि कार्यबिधि बनाई अभिभावक सुनवाइ संयन्त्र गठन गर्न सुझाब प्रस्तुत गरिएको छ ।
- खर्च विवरणहरु सफ्टवेयर मार्फत व्यवस्थित गर्ने काम प्रारम्भ भएको पाइयो । यसको तत्काल व्यवस्थापन मिलाउनु हुनका साथै खर्च शीर्षकभित्र सहायक उपशीर्षक बनाएर विभागगत आम्दानी खर्चको विवरण तयार गर्न र चाहेको बेला उपलब्ध गराउन सक्ने क्षमता विकास गर्न गराउन सुझाब दिइएको छ ।

### ५. तथ्याङ्क विवरण एवं विद्यालय प्रोफाइल प्रयोग

- शैक्षिक, व्यवस्थापकीय र आर्थिक विवरणहरु अद्यावधिक राखिएको ।
- IEMIS अपडेट गरी अभिलेखको reporting गरिएको पाइयो । शिक्षकको महलमा सबै खाले अभिलेख अद्यावधिक गर्न सुझाब प्रस्तुत गरिएको छ ।

- विद्यालय सुधार योजना २०८१-०८५ मा निर्माण भएको पाइयो । विद्यालय व्यवस्थापन समितिले विभिन्न उपसमिति बनाई काम गरेको देखियो । विद्यालयले निकै महत्वकांक्षी हुने गरी १२ बुँदे सङ्कल्प प्रस्ताब पास गरेको पाइयो । यसमा रहेका बुँदाहरु लागु गर्ने शिक्षकहरु नै भएकाले शिक्षकको सहमति, तत्परता र स्वाभिमानलाई समेत उच्च राखेर योजना कार्यान्वयन गर्न अतिरिक्त समय माग गर्ने र अतिरिक्त सुबिधा प्रदान गर्न सकेमा योजना प्रभावकारी हुने देखिएको छ ।

## ६. विद्यालय सञ्चालन र उपलब्धि

- विद्यालयको वार्षिक कार्ययोजना सहितको आफ्नै क्यालेन्डर निर्माण भएको र सोही अनुसार कार्यक्रम लागु भएको ।
- विद्यालयको पठनपाठन तोकिएको कार्य घण्टा बराबर नभएको । विद्यालय २३५ दिन खुलेको देखिन्छ । तर १९८ दिनमात्र पठनपाठन भएको ।
- सामुदायिक विद्यालयतर्फ नतिजा उत्कृष्ट देखिए पनि सर्बोत्कृष्ट हुने गरी शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय प्रशासन तथा व्यवस्थापन पक्ष लाग्नु पर्ने देखिन्छ ।
- कक्षा ५, ८, SEE, कक्षा १२ र अन्य कक्षाको नतिजा सुधार्न तथा विषयगत सिकाइ उपलब्धि बढाउन योजना बनाएर सुधारतर्फ अग्रसर हुन सुझाब प्रदान गरिन्छ ।
- कक्षा १० र १२ मा सतप्रतिशत नतिजा दिने शिक्षकलाई पुरस्कृत गरेको पाइयो । कक्षा ५ र ८ मा पनि पुरस्कारको व्यवस्थालाई लागु गर्न सुझाब दिइएको छ । यसका साथै नतिजा सुधारका लागि विषयगत शिक्षकहरुसँग नतिजा विश्लेषण RIP तथा PLUS योजना कार्यान्वयन गर्नुका साथै लगातार एउटै विषयमा विद्यार्थीको नतिजा सन्तोषजनक नरहेमा उक्त शिक्षकलाई स्पष्टीकरण लिई नतिजा सुधारका लागि लाग्नु पर्ने सुझाब प्रदान गरिन्छ ।
- शैक्षिक सत्र २०८१ मा वार्षिक कार्यतालिका कार्यान्वयनको अवस्था अध्ययन गर्दा योजना अनुसार कार्यान्वयन भएको पाइएको छ । जसलाई यसप्रकार अध्ययन गरी प्रस्तुत गरिएको छ ।

| क्र.स. | महिना | विद्यालय चलेको दिन | पठनपाठन भएको दिन | परीक्षा तथा बिबिध गतिबिधि | दिन | विदा | जम्मा दिन |
|---|---|---|---|---|---|---|---|
| १ | वैशाख | २३ | १७ | भर्ना कार्यक्रम | ६ | ८ | ३१ |
| २ | जेठ | १४ | ११ | परीक्षा | ३ | १८ | ३२ |
| ३ | असार | १४ | १४ | | | १७ | ३१ |
| ४ | श्रावण | २७ | २७ | | | ५ | ३२ |
| ५ | भाद्र | २० | २० | | | ११ | ३१ |
| ६ | आश्विन | १७ | १० | परीक्षा | ७ | १३ | ३० |
| ७ | कार्तिक | ९ | ९ | | | २१ | ३० |
| ८ | मंसिर | २४ | २४ | | | ६ | ३० |
| ९ | पुष | २३ | १२ | परीक्षा, रा. रनिङ्ग शि. तयारी | ११ | ६ | २९ |
| १० | माघ | २० | १७ | राष्ट्रपति रनिङ्ग शि. सञ्चालन | ३ | १० | ३० |
| ११ | फागुन | २० | २० | | | ९ | २९ |
| १२ | चैत्र | २४ | १७ | परीक्षा र घरदैलो | ७ | ७ | ३१ |
| **जम्मा** | | **२३५** | **१९८** | | **३७** | **१३१** | **३६६** |

## विद्यालयमा कार्यरत शिक्षक कर्मचारीले शैक्षिक सत्र २०८१ मा लिएको विदाको विवरण

| क्र.सं | शिक्षक कर्मचारी | भै.वि | पर्व वि. | वि.वि | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | निर्मल ढुङ्गाना (प्र.अ) | ४ | ५ | ० | ९ | |
| 2 | कमल प्रसाद ज्ञवाली (स.प्र.अ) | ५ | ४ | ० | ९ | |
| 3 | खेमानन्द ज्ञवाली (स.प्र.अ) | ६ | ६ | ४ | १६ | |
| 4 | हिरण्यलाल लम्साल (स.प्र.अ) | २ | २ | ० | ४ | |
| 5 | धर्मराज पन्थी | ५ | ४ | ० | ९ | |
| 6 | कृष्णप्रसाद ज्ञवाली (संयोजक ११।१२) | ४ | ५ | ० | ९ | |
| 7 | करुणाकर अर्याल | ५ | ६ | ० | ११ | |
| 8 | टेकनारायण पौडेल | ५ | ५।५ | ० | १०।५ | |
| 9 | नारायण भुसाल | ५ | ५ | ० | १० | |
| 10 | सीता जैसी | ४ | ४ | ० | ८ | |
| 11 | चेतना बस्याल | ६ | ६ | १ | १३ | |
| 12 | पर्शुराम न्यौपाने | ४ | ५ | ० | ९ | |
| 13 | सञ्जयकुमार शुक्ला (कृषि संयोजक) | ६ | ६ | ६ | १८ | |
| 14 | जमुना लामिछाने | ६ | ६ | २ | १४ | |
| 15 | तारा चौधरी | ६ | ६ | २ | १४ | |
| 16 | अर्जुन गौतम | १ | २।५ | ० | ३।५ | |
| 17 | राधा पाण्डेय | ४ | ३ | ० | ७ | |
| 18 | कमल न्यौपाने | ६ | ६ | १ | १३ | |
| 19 | सगुन बस्याल | ६ | ५।५ | ३ | १४।५ | |
| 20 | टंकप्रसाद खनाल | ४ | ३।५ | ० | ७।५ | |
| 21 | तिला कण्डेल | ५ | ४।५ | ० | ९।५ | |
| 22 | पवित्रा रिमाल (संयोजक १ देखि ५) | ६ | ५ | ० | ११ | |
| 23 | भीमदेव ढकाल | ६ | ३।५ | ० | ९।५ | |
| 24 | माया नेपाल | ६ | ६ | ० | १२ | |
| 25 | सरोजकुमार न्यौपान (सुस्तश्रवण संयोजक) | ४ | ४ | ० | ८ | |
| 26 | होमनाथ शर्मा (अंग्रेजी माध्यम संयोजक) | ५ | ४ | ० | ९ | |
| 27 | यज्ञप्रसाद न्यौपाने (अतिरिक्त संयोजक) | ५ | २।५ | ० | ७।५ | |
| 28 | पुजा पौड्याल | ० | ३ | ० | ३ | |
| 29 | दिनेश कुमार विाक | ५ | ४।५ | ० | ९।५ | |
| 30 | पवित्रा सापकोटा | ४ | २ | ० | ६ | |
| 31 | निशा पन्थ | ३ | ५ | ० | ८ | |
| 32 | भगवती लम्साल | ३ | ३ | ० | ६ | |
| 33 | प्रतिभा ज्ञवाली | ४ | ५ | ० | ९ | |
| 34 | पार्वती पाण्डेय | ३ | ३ | ० | ६ | |
| 35 | चन्द्रकान्त पाण्डेय | ५।५ | ६ | ० | ११।५ | |
| 36 | विवेक पाण्डेय | ६ | ५।५ | ७ | १८।५ | |
| 37 | जीवन पाण्डे | ५।५ | ० | ० | ५।५ | |
| 38 | मनिषा न्यौपाने | ६ | ६ | ५ | १७ | |
| 39 | खड्क बहादुर सारु | ६ | ६ | ० | १२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 40 | प्रकाश लामिछाने | ५।५ | ६ | ८ | १९।५ | |
| 41 | कुन्ती ओझा ढकाल | १ | ० | ० | १ | |
| 42 | भावना पराजुली | २ | ३ | ० | ५ | |
| 43 | मनोजकुमार थारु | ५ | ६ | ३ | १४ | |
| 44 | लक्ष्मण प्रसाद थारु | ६ | ५ | ० | ११ | |
| 45 | मिना राना | ५ | १ | ० | ६ | |
| 46 | कमला खनाल | ० | ० | ० | ० | |
| 47 | टेक बहादुर राना | ० | ० | ० | ० | |
| 48 | कृष्ण बहादुर थापा | ० | ० | ० | ० | |
| 49 | श्रीमन बहादुर दिशा | ० | ० | ० | ० | |
| 50 | पदम बहादुर गौतम | ० | ० | ० | ० | |
| 51 | गोकर्ण गैरे | ६ | ५ | ३ | १४ | |
| 52 | युवराज ढकाल | ५ | २ | ० | ७ | |
| 53 | शेर बहादुर थापा | २ | ० | ० | २ | |
| 54 | नारायण ढकाल | २ | ० | ० | २ | |
| 55 | वालकृण भण्डारी | ५ | ५ | ० | १० | |
| 56 | रामु शर्मा चापागाई | ५ | ० | ० | ५ | |
| 57 | श्रीधरा तिवारी | २ | २ | ० | ४ | |
| 58 | सुमित्रा न्यौपाने | ४ | ३ | ० | ७ | |
| 59 | शीला ज्ञवाली | ६ | ३ | ५।५ | १४।५ | |
| 60 | आशा दर्जी | ६ | ६ | ० | १२ | |
| 61 | मिना रेग्मी | ४।५ | ३ | ० | ७।५ | |
| 62 | तारा तिमिल्सेना | २ | ४ | ० | ६ | |

### ७. आर्थिक प्रणालीको व्यवस्था

- आय व्ययको अभिलेख अद्यावधिक र अघिल्लो वर्षको लेखापरीक्षण सम्पन्न भएको पाइयो । लेखा परीक्षणमा रकम फिर्ता गर्नु पर्ने खालको बेरुजु नरहेको पाइयो ।
- लेखा परीक्षण प्रतिवेदनले दिएका विवरण सुझावहरु अधिकांश कार्यान्वयन भएको ।
- सा.प. तथा लेखापरीक्षण नियमित भएको पाइयो । सामाजिक परीक्षण मापदण्ड अनुसार आश्विन महिनाभित्रै सम्पन्न हुनु पर्नेमा ढिलाइ भएको पाइयो । आगामी दिनमा सामाजिक परीक्षण समयमै सम्पन्न गर्न सुझाब प्रदान गरिएको छ ।

### ८. विद्यार्थी सुविधा तथा सहयोग

- शैक्षिक सत्र २०८१/०८२ मा दिवा खाजाको व्यवस्था मापदण्डअनुसार भएको पाइयो । खाजा गुणस्तर र स्वच्छतामा ध्यान दिन अनुरोध छ । खाजाका लागि विद्यार्थीसँग सोधपुछ गर्ने, सुधार गर्नु पर्ने भएमा सुधार गर्ने कामलाई अझ बढाउनु पर्ने देखिएको छ ।
- विद्यालयमा रेडक्रस, बालक्लव, स्काउट गठन भएको पाइयो । विद्यालयगत तयार भएको यो क्लबलाई कक्षागत रुपमा समेत गठन गरी परिचालन गर्न सुझाब प्रदान गरिन्छ । विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा क्लब गठन र सञ्चालन बिधि तय गर्नु पर्ने ।
- लक्षित समूहका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरेको पाइयो । नेपाल सरकारले दिने छात्रवृत्ति र विद्यालयले दिने छात्रवृत्तिलाई व्यवस्थित अभिलेखीकरण गर्न सुझाब दिइएको छ ।

- विद्यार्थीलाई नतिजाका आधारमा भन्दा प्रवेश परीक्षामा उत्कृष्ट अङ्क ल्याउने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सुझाब दिइएको छ । आर्थिक विपन्न विद्यार्थीलाई पठनपाठनको व्यवस्थापनमा सहयोग गरेको पाइयो । यसलाई अझ व्यवस्थित बनाउन सुझाब प्रदान गरिएको छ ।
- स्वास्थ्य संस्था नजिक भए पनि प्राथमिक उपचारको व्यवस्था रहेको पाइयो । सेनिटरी प्याडको वितरण तथा सुविधा उपलब्ध भएको देखियो ।
- सहक्रियाकलाप तथा अतिरिक्त क्रियाकलापहरु शैक्षिक सत्र २०८१ मा नियमित रुपमा भएको पाइयो । प्रतियोगितात्मक क्रियाकलापबाट शिल्ड, मेडल र नगद प्राप्त भएको पाइयो । अतिरिक्त क्रियाकलापमा क्षेत्रगत रुपमा शिक्षकलाई तोकेर जिम्मेवारी दिनु पर्ने देखिएको सुझाब दिइन्छ ।

## ९. कार्य सम्पादन संस्कृति

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेको कार्यसम्पादन परीक्षणमा मध्यम स्तरमा रहेको देखियो ।
- जनशक्तिको व्यवस्थापनमा कार्यविभाजन भए पनि कार्यविभाजनअनुसार कार्य सम्पादन उत्कृष्ट हुन सकिरहेको पाइएन । कार्यविभाजन अनुसार कार्य विवरण उल्लेख गरी लिखित रुपमा जिम्मेवारीबोध हुने गरी सम्बन्धितलाई कार्यदायित्व पत्र प्रदान गर्नु पर्ने देखिन्छ । साथै जिम्मेवारी प्राप्त गर्ने व्यक्तिहरुले जवाफदेही हुने गरी कार्य गर्ने, उक्त कार्यको प्रशासनबाट नियमन गर्ने, काम गर्न नसक्ने व्यक्तिको सन्दर्भमा जिम्मेवारी हेरफेर गर्न सुझाब प्रदान गरिन्छ । यसका साथै विद्यार्थी सङ्ख्या कम हुनु, नतिजा उत्कृष्ट आउन नसक्नु लागायतका कारण तीनवटा सहायक प्र.अ.को आवश्यकता पुनरावलोकन गर्न सुझाव दिइएको छ । साथै हालसम्म कसैलाई पनि लिखित रुपमा कार्य जिम्मेवारी प्रदान नभएको पाइएकाले पदीय जिम्मेवारीमा रहने सबैलाई जब डिस्क्रिप्सनसहित जिम्मेवारी प्रदान गर्न यसका लागि आवश्यक व्यवस्था मिलाउन वि.व्य.स. तथा विद्यालय प्रशासनलाई सुझाब छ ।
- जिम्मेवारीमा रहनेले दैनिक, साप्ताहिक वा तोकिएको मितिभित्र कार्यसम्पादन प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने । सबैले आफूभन्दा माथिल्लो निकायमा मासिक प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने ।
- आन्तरिक स्रोतबाट सम्पादन हुने भौतिक निर्माणका लागि सम्भाव्यता खोजी गरेर मात्र काम गर्ने । आन्तरिक स्रोतका रकम दैनिक प्रशासन, तलब तथा कर्मचारी व्यवस्थापनका लागि हुन भन्ने बुझाइ विकास गर्ने ।
- विद्यालयको आयस्रोतको अवस्था मूल्यांकन गरी वक्यौता हिसाबकिताबको खोजी गरी उठाउने ।
- विषयगत शिक्षकको कार्यविभाजन नियमाअनुसार बनाउनु पर्ने ।
- शिक्षकले कक्षा कोठामा बिताएको समयको विद्यार्थीमार्फत नियमित अभिलेख लिई कक्षाकोठामा पठनपाठनको अवस्था र अबधिको नियमन भएको पाइयो ।
- शिक्षकहरुलाई सह क्रियाकलापसँग सम्बन्धित जिम्मेवारीहरू प्रदान गरी नियमित रुपमा अतिरक्ति क्रियाकलाप गर्नका लागि सुझाब दिइन्छ ।
- स्थानीय पाठ्यक्रमका पठनपाठन भएको पाइयो ।
- विद्यालयमा तहगत शिक्षक इन्चार्जको व्यवस्था भएको । इन्चार्जको कार्यसम्पादन तथा जिम्मेवारीको विवरण तोकी लक्ष्य र प्रतिफलको मूल्याङ्कन सहित यसमा सुधार गर्नु पर्ने देखिन्छ ।
- शिक्षकसँग नतिजामुखी कार्यसम्पादन करार गरिएको पाइयो । त्यसको विश्लेषण र निर्धारित नतिजा ल्याउनेलाई पुरस्कार र नल्याउने शिक्षकलाई आवश्यक सुझाब तथा निर्देशनसहितको कार्यबिधि निर्माण गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

- केही शिक्षकहरुले आफ्ना बालबालिकालाई आफूले पढाउने विद्यालय भन्दा अन्य विद्यालयमा पढाइरहेको पाइयो । यस्ता गतिबिधिले अभिभावकमा विद्यालयप्रतिको विश्वसनीयता घटाउने तथा विद्यालयप्रतिको जनविश्वास कम हुने भएकाले शिक्षक कर्मचारीले आफूले जीवन निर्वाह गर्ने विद्यालयमै पठनपाठन गर्न सुझाब प्रदान गरिएको छ । यसका लागि विद्यालय व्यवस्थापन समितिले शिक्षककर्मचारीका बालबालिकालाई यसै विद्यालयमा अध्ययन गर्ने गराउने वातावरण निर्माण गर्नुका साथै शिक्षक कर्मचारीसमेत यस विषयमा जवाफदेही हुनु पर्ने देखिएको छ । साथै पायक नपर्ने शिक्षक कर्मचारी अन्यत्र पायक पर्ने सामुदायिक विद्यालयमा पठाउनु पर्ने व्यवस्था मिलाउन सुझाब प्रदान गरिन्छ ।
- बाली विज्ञान विषय शिक्षणलाई थप प्रयोगात्मक बनाउनु पर्ने देखियो । शिक्षकहरुको पाठ्यभार कम भए पनि विद्यार्थीको प्रतिक्रिया र सन्तुष्टि कम भएको पाइयो । यसमा शिक्षक थप जवाफदेही बन्नु पर्ने देखिन्छ । प्राविधिक धारतर्फ गणित, विज्ञान, अङ्ग्रेजी तथा अनुत्तीर्ण हुने विषयको नियमित अतिरिक्त कक्षा सञ्चालन गर्नु पर्ने देखियो । यसका साथै कृषि फिल्डको नियमित संरक्षण गर्न तथा उत्पादनलाई बजारीकरण गर्न जनशक्तिको व्यवस्थापन मिलाउने, परिचालन गर्ने वा आवश्यक योजना र नीति बनाई वार्षिक रुपमा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।
- बसको प्रयोग गर्ने विद्यार्थीको अभिलेख, बसको आम्दानी खर्चको विश्लेषण गरी कार्य योजना बनाउने ।
- विद्यालयका सबै खाताहरु अपडेट गर्ने । अनावश्यक बैंक खाता बन्द गर्ने ।

## १०. सामाजिक परीक्षणका लागि आधार लिएका दस्तावेजहरु

- विद्यालयका विभिन्न समितिहरूको निर्णय पुस्तिकाहरु
  (वि व्य स., शि अ संघ, शिक्षक स्टाफ, र उपसमितिहरुका बैठक पुस्तिकाहरु)
- शैक्षिक उपलब्धिको अभिलेख
- आय व्ययको लेखा अभिलेख तथा लेखा परीक्षण प्रतिवेदन
- जिन्सी अभिलेख
- इ एम आइ एस रेकर्ड
- विद्यार्थी, शिक्षक, अभिभावक, पत्रकार र सरोकारवालाहरुसँगको प्रतिक्रिया र छलफल ।
- सुझाब तथा गुनासो पेटिकामा विद्यार्थी मार्फत सुझाब माग ।

## ११. अघिल्लो वर्षको सुझाव कार्यान्वयनको अवस्था

- अघिल्लो वर्ष सामाजिक परीक्षण भएको । दिइएका अधिंकाश सुझावहरूको कार्यान्वयन हुँदै गरेको । सापको सुझावलाई बैठकहरूमा छलफल गरिएको । सुधार तथा कार्यान्वयनको लागि कार्यरत रहेको पाइयो । सापको सुझाबका लागि शिक्षक कर्मचारीको बैठक राखी प्रतिवेदनका सुझाबहरु प्रस्तुत गर्न र शिक्षकमा जवाफदेहिता बृद्धिका लागि योजना बनाइ कार्यान्वयन गर्न सुझाब दिइएको छ ।

## समष्टिगत सुझाव

### क. विद्यालय व्यवस्थापन

- विद्यालय हाताभित्र सरसफाईका कुहिने र नकुहिने फोहरको वर्गीकरणसहित सङ्कलन गर्न डस्टविन व्यवस्था गरिएको भए पनि विद्यार्थीहरुले वर्गीकरणमा ध्यान नदिइकन डस्टविनमा फोहर

सङ्कलन गरेको पाइयो । यसले फोहर व्यवस्थापनमा समस्या बृद्धि गर्ने हुनाले यस विषयमा विद्यालय प्रशासनले कडा नियमन गर्नुका साथै बालक्लब, रेडक्रस र स्काउटको समेत नियमित रुपमा काम गर्नु पर्ने अवस्था देखियो । चकलेट तथा प्लाष्टिक जन्य कुराहरुको बिक्री वितरण विद्यालयमा देखिएन तर  विद्यार्थीहरुले बजारबाट विद्यालयभित्र ल्याई खाने गरेको देखिन आएका हुनाले उक्त क्रियाकलापलाई नियन्त्रण गर्नु पर्ने देखियो ।

- विद्यालय समयमा शिक्षक कर्मचारी विद्यालय बाहिर निस्कने विषयलाई व्यवस्थित रुपमा अभिलेखीकरण गर्न लगबुक मार्फत अभिलेख राख्ने गरेको पाइयो । यसमा पाइएका कमजोर पक्षको सुधार गर्नु पर्ने देखिएको छ । साथै गेटमा राखिएको लक बुकमा लेख्न केही शिक्षकले दुःख मान्ने गरेको प्रतिक्रिया सुरक्षा गार्डबाट हामीलाई त्यस्ता शिक्षकको नाम प्राप्त भएको छ । यस सन्दर्भमा शिक्षककर्मचारीले आफै रजिष्टर माग गर्ने वातावरण तयार गर्न शिक्षककर्मचारीलाई सुझाब दिइएको छ ।
- दरवन्दी तथा विद्यालय स्रोतमा नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरूको विदाको सन्दर्भमा विद्यालयले कार्यबिधि निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ । कार्यबिधि नहुँदा स्थायी शिक्षककै विदा सुबिधालाई आधार मानी विदा दिँदा केही शिक्षककर्मचारीले पूरै विदा लिने र केहीले निकै कम विदा लिएको पाइयो । कम विदामा बस्दासमेत शिक्षकलाई सुबिधा तथा पुरस्कार नहुने हुँदा कम विदा बस्ने शिक्षक कर्मचारको मनोवल घट्न जान सक्ने भएकाले यस सन्दर्भमा योजना निर्माण गरी विदालाई व्यवस्थित गर्नु पर्ने देखिन्छ ।
- खेलको वर्गीकरण अनुसार विद्यार्थी सहभागी हुने हुँदा खेल मैदान तथा कोर्ट निर्माण गरी खेलमा विविधता हुने गरी व्यवस्थित गर्नुपर्ने देखियो ।
- विद्यालयमा प्राथमिक उपचार कक्ष निर्माण गर्नु पर्ने देखियो । यसलाई व्यवस्थित बनाउन एक जना शिक्षकलाई जिम्मेवारी प्रदान गर्नुका साथै तालिम दिई व्यवस्थित गर्नु पर्ने देखियो ।
- शिक्षक कर्मचारी लामो विदामा वस्दा वैकल्पिक शिक्षक व्यवस्थापन गर्न खाजा तथा यातायात भत्ता उपलब्ध गराई स्वयम्सेवक शिक्षक कर्मचारीको व्यवस्थापन गरेको पाइयो । विद्यालय स्रोतबाट राखेको शिक्षक कर्मचारीलाई लामो विदा, सेवा सुबिधा लगायतका विषयमा कुन नियमका आधारमा दिइएको हो ? यसमा नियम बनाउन सकेमा राम्रो हुने भएकाले यस विषयलाई मूल्याङ्कन गर्नु पर्ने देखिन्छ ।
- शिक्षक कर्मचारीको सेवा सुबिधाका सम्बन्धमा कार्यबिधिका माध्यमबाट एकरुपता कायम गराउनुपर्ने देखियो ।
- एकै तहका शिक्षकलाई अन्य तहमा काममा लगाउँदा समान अवसर हुनु पर्ने देखिएको छ ।

- कक्षाकोठामा रहेका विद्यार्थी सङ्ख्याअनुसार दरवन्दीमा रहेका शिक्षक र्कचारीबाटै व्यवस्थापन गर्ने र विद्यालय स्रोतबाट तलबभत्ता खाने शिक्षकको हकमा आवश्यकता हेरी निर्णय लिनु हुन ।
- शिक्षक तथा कर्मचारी छनोट र नियुक्तिका क्रममा हुने गरेको खर्च बढी देखिएको छ । यसको सन्दर्भिकता सम्बन्धमा कार्यविधि बनाई नियमानुसार खर्च गर्नुपर्ने देखिन्छ ।
- सामाजिक परीक्षणका क्रममा सदस्यहरु निकै जवाफदेही भई काम गर्नु पर्ने, सबै बिल भरपाइको निरीक्षण तथा मूल्याङ्कन गर्नु पर्ने, विद्यालय प्रशासन तथा व्यवस्थापन समितिलाईसमेत प्रश्न उठाउनु पर्ने, जवाफ खोज्नु पर्ने, विद्यालयका विद्यार्थी, अभिभावक, शिक्षककर्मचारी, सरोकारवालासँग समन्वय गर्नु पर्ने र यसैका आधारमा अडिट सहज हुने देखियो । सामाजिक परीक्षणलाई अझ प्रभावकारी बनाउन सामाजिक परीक्षण समितिलाई प्राप्त अधिकार प्रयोग गर्दा नेपाल सरकारबाट हुने निकासा अत्यन्त न्यून देखिएको छ । यसका लागि वि.व्य.स.बाट कार्यबिधि बनाई आन्तरिक स्रोतको समेत व्यवस्थापन गरी यसलाई प्रभावकारी बनाउने, प्राप्त नतिजाका आधारमा सार्वजनिक सुनुवाई गर्ने, खटिनेहरुलाई काम अनुसारको भत्ताको व्यवस्थापन गर्नु पर्ने भएकाले आगामी दिनमा सामाजिक परीक्षण समिति, शिक्षक अभिभावक संघ, गुणस्तर विकास समिति तथा गठन भएका उपसमितिलाई सक्रिय बनाउन विनियम तथा बजेटको व्यवस्थापन गर्न सुझाब प्रदान गरिएको छ ।
- वि.व्य.स., शि.अ.स.को विद्यालयमा अनुगमन, नियमन हुने गरेको देखियो । निज पदाधिकारीको विद्यालयमा नियमित अनुगमन तथा उपस्थिति अभिलेख रजिष्टर रहेको पाइयो ।
- विद्यालय समयमा विद्यार्थी घाइते हुँदा उपाचार खर्चमा अभिभावकको दायित्व बढेको हुँदा भर्ना समयमै विमा शुल्क थप गरी भर्ना गर्ने र सबैको सामूहिक विमा गरिदिने व्यवस्था मिलाउन सुझाब दिइन्छ ।
- इमिक्समा समयमा अपडेट गर्ने कार्यमा समस्या रहेको पाइयो । नयाँ विद्यार्थी भर्ना लिँदा इमिक्स अपडेट सँगै गर्नु पर्ने देखिन्छ । इमिक्स ट्रान्सफरबिना भर्ना हुने कार्यले विद्यालयमा आउने रकम नआउने भएकाले भर्नाकै समयमा कम्प्युटर चलाउन सक्ने शिक्षकहरुलाई अनिवार्य इमिक्स अपडेट गर्ने आन्तरिक तालिम दिएर भर्नासम्बन्धी सबै कार्य पूरा गरी अभिलेखीकरण गर्नु पर्छ ।

## ख. शैक्षिक उपलब्धि

- शिक्षक तथा अभिभावकहरुले निरन्तर मूल्याङ्कनको तुलनामा आवधिक मूल्याङ्कनलाई बढी महत्व दिएको पाइयो । यसलाई सुधार गर्न शिक्षकले अनिवार्य प्रयोगात्मक कार्यका लागि अनिवार्य रुब्रिक्सको प्रयोग गर्नु पर्ने देखिन्छ । शिक्षक आफैले साप्ताहिक परीक्षा, मासिक परीक्षा सञ्चालन गर्नु पर्ने देखिन्छ ।

- शिक्षकले कक्षाकोठामा विताउने समयको व्यवस्थित अभिलेख राख्ने, मुल्याङ्कन गर्ने, यसका आधारमा पुरस्कृत तथा समीक्षा गर्ने कुरा आवश्यक देखिन्छ ।
- शैक्षिक उपलब्धि मापनपश्चात शिक्षकहरुको छलफल गराई उपलब्धी बढाउन योजना बनाउनु पर्ने देखिन्छ ।
- प्रत्येक परीक्षाको नतिजापश्चात विद्यालयले अभिभावक अन्तरक्रिया गर्ने गरेको पाइयो तर अभिभावकहरूको उपस्थिति अत्यन्त न्यून पाइएकाले अभिभावकको उपस्थिति बढाउन अन्तक्रिया कार्यक्रम अभिभावकलाई उपयुक्त हुने दिन गर्नु पर्ने तथा अभिभावकलाई अनिवार्य फोन गर्नु पर्ने देखिन्छ ।
- विषय शिक्षक अनुपस्थित हुँदा विद्यार्थीहरु सिकाइको क्रियाकलापलाई निरन्तरता दिन बैकल्पिक व्यवस्था अन्तर्गत स्वयमसेवक शिक्षक राखेको पाइयो ।
- कक्षागत अभिभावक अन्तरक्रिया भएको पाइयो । यो वार्षिक रुपमा न्युनतम २ पटक गर्नु पर्ने देखिन्छ । परीक्षाको नतिजा प्रकाशित हुँदा अभिभावक उपस्थित हुने गरी सम्पर्क तथा विद्यालय प्रशासनबाट पत्राचार गर्नु पर्ने देखिन्छ ।
- स्टाफ बैठकमा विद्यार्थीको शैक्षिक स्तर, विषयवस्तु, देखिएका शैक्षिक जटिलता, अभिभावकसँगको अन्तरक्रिया, विद्यार्थीको अवस्था, अध्ययापनका चुनौती तथा सहज उपायहरुको बारेमा गहन रुपमा नियमित छलफल गर्नु पर्ने देखिन्छ ।

**विद्यालयको विगत वर्षको विषयगत सिकाइ उपलब्धीको अवस्था**

| कक्षा ८ विषयगत सिकाइ उपलब्धी प्रतिशत विवरण | | | | | |
|---|---|---|---|---|---|
| **शैक्षिक वर्ष** | **नेपाली** | **अग्रेजी** | **गणित** | **विज्ञान** | **सामाजिक** |
| **२०८०** | ५६.५५ | ४८.०९ | ४३.६५ | ५०.७४ | ४९.७० |
| **२०८१** | ५८.५ | ६०.७५ | ५८.२५ | ५९ | ७२.५ |
| **कक्षा १० विषयगत सिकाइ उपलब्धी प्रतिशत विवरण** | | | | | |
| **शैक्षिक वर्ष** | **नेपाली** | **अग्रेजी** | **गणित** | **विज्ञान** | **सामाजिक** |
| **२०७९** | ५९.७३ | ६०.४० | ३७.६७ | ५६.८ | ५४.५ |
| **२०८०** | ६५ | ६५ | ४५ | ६६.४७ | ६० |
| **२०८१** | ६९.१२ | ७६.३२ | ६३.२३ | ७० | ६२.३५ |
| **कक्षा १२ विषयगत सिकाइ उपलब्धी प्रतिशत विवरण** | | | | | |
| **शैक्षिक वर्ष** | **नेपाली** | **अग्रेजी** | **सामाजिक** | | |
| **२०७९** | ५०.५३ | ३९.८३ | ४८.८४ | | |
| **२०८०** | ६०.७७ | ४४.९३ | ५७.०५ | | |
| **२०८१** | ६५ | ४८.४२ | ६६.९० | | |

## ग. आर्थिक अवस्था

- विद्यालयको नियमित सञ्चालन खर्चभन्दा आम्दानी कमी देखिएकोले आर्थिक स्रोत जुटाउनेतर्फ विशेष पहलकदमी चाल्नु पर्ने साथै व्यवस्थापन समितिले नयाँ योजना ल्याउँदा खर्च व्यवस्थापनसँगै नयाँ कार्यक्रम लागु गर्नु पर्ने देखिन्छ । संबिधानले निशुल्क शिक्षाको प्रबन्ध गरेकाले कक्षा सेक्सन घटाउने र यसै शैक्षिक सत्रबाट अनावश्यक शिक्षक कर्मचारी कटौती गर्नु पर्ने देखिन्छ । अन्यथा विद्यालय सञ्चालन र व्यवस्थापनमा समस्या हुने देखिएको छ ।
- आर्थिक पारदर्शीतालाई अझै सुदृढ बनाउन लेखाको आन्तरिक जाँच नियमित गर्नु पर्ने र कम्प्युटरमा नै दोहोरो लेखा प्रणाली थप सबल बनाउनु पर्ने देखिन्छ । साथै लेखाको कर्मचारीलाई क्षमता बृद्धि गर्नुका साथै विल काट्ने काम अन्यलाई जिम्मा दिई लेखा प्रणालीलाई व्यवस्थित बनाउनु पर्ने देखिएको छ ।
- जिन्सी सामग्रीको समय समयमा अनुगमन गरी अभिलेखसँग वास्तविक सामग्रीहरू मिलान गर्नुपर्ने देखिन्छ । जिन्सी अभिलेखमा मूल्य उल्लेख गरी अभिलेख राख्नु पर्ने देखिन्छ । जिन्सी अभिलेख व्यवस्थित गर्न एकपटक सबै जिन्सीहरुमा नाम लेखाउन सुझाब प्रदान गरिन्छ ।

# सामाजिक परीक्षणमा आ.व. २०८१/०८२ को आय-व्याय विवरण

| क्र.स | आय विवरण | रकम | व्यय विवरण | रकम |
|---|---|---|---|---|
| १ | ग्लोबल आइएमई बैंक लि·(अक्षयकोष), खैरेनी | ६८१,२११।०० | सरकारी तलब | २१,८९४,८०७।७५ |
| २ | ग्लोबल आइएमई बैंक लि· खैरेनी | ५००,८४५।१६ | विद्यालय तलब (सुस्त श्रवण, ल्याब कर्मचारीसमेत) | ६,९९७,५७४।०० |
| ३ | कामना सेवा वि बैंक लि· (प्रगति अक्षय कोष) | १३६,१६१।७९ | मसलन्द खर्च | ७४,६९६।०० |
| ४ | कामना सेवा विकास बैंक लि· खैरेनी | ३५७,११६।१९ | परीक्षा खर्च | ७३६,०६८।०० |
| ५ | एनआईसी एसीया बैंक लि· (प्रगति), खैरेनी | ३,००८।०० | परीक्षा आवेदन फाराम | १९८,६००।०० |
| ६ | एनआइसी बैंक लिमिटेड, खैरेनी | ९,४१५,९६७।२६ | प्रयोगात्मक परीक्षा सञ्चालन | ९४,५४५।०० |
| ७ | राष्ट्रिय वाणिज्य बैंक लि भैरहवा | ४७०,७४९।१० | रजिष्ट्रेशन दाखिला | ४६,०००।०० |
| ८ | राष्ट्रिय वाणिज्य बैंक लि भैरहवा (प्रगति) | १,०९१।०१ | विद्युत महसुल | ३१८,३०४।०० |
| ९ | राष्ट्रिय वाणिज्य बैंक लि (बुटवल) | २२०,४३३।२५ | खानेपानी महसुल | १२,८१७।०० |
| १० | राष्ट्रिय वाणिज्य बैंक लि (परासी) | २०,०३७।०५ | विद्युत मर्मत | २१८,७९५।०० |
| | **नगद तथा बैंक अल्या** | **११,८०६,६१९।८१** | प्राविधिक धार (तलब र विद्यार्थी अनुदान बाहेक) | १,१९७,०९३।०० |
| | | | स्कुल बस तथा भेन सर्भिसिङ, मर्मत | २८७,१७२।४८ |
| ११ | कृषि पि· एम· टी· उत्पादन | २५,५१०।०० | स्कुल बस तथा भेन (इन्धन) | ४३८,७३९।०० |
| १२ | देवदह न· पा· बाट बिबिध शीर्षकको निकाशा | ३९,९१७,१६०।०० | स्कुल बस (देवदह आदर्श बहुमुखी क्याम्पस भाडा) | ५४०,०००।०० |
| १३ | संघीय तलब | | सेवा परामर्श (सुरक्षा गार्ड, स्वमंसेवक शिक्षक) | ७३६,९१६।६६ |
| १४ | नगर शिक्षक तलब | | शौचालय मर्मत तथा सरसफाई | २३०,२३२।०० |
| १५ | विशेष कक्षा (सुस्त श्रवण अनुदान) | | फर्निचर खरिद तथा निर्माण | ३७७,८४६।०० |
| १६ | प्राविधिक शिक्षा (प्रति विद्यार्थी, Lab Boy तलब) | | नमुना विद्यालय भौतिक निर्माण | ९,५३२,०६२।६९ |
| १७ | प्राविधिक ल्याब सामग्री अनुदान | | नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय खर्च | ५,४८९,५५८।३५ |
| १८ | छात्रवृत्ति | | नि:शुल्क पाठ्यपुस्तक | ६१९,९२९।०० |
| १९ | दिवा खाजा | | पुस्तकालय | १४१,२६३।०० |
| २० | राष्ट्रपति रनिङ शिल्ड | | टेलिफोन र इन्टरनेट | ६९,४९५।०० |
| २१ | परीक्षा (कक्षा ८) | | शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम | ६४०,९७८।०० |
| २२ | नमुना विद्यालय भौतिक निर्माण | | अतिरिक्त क्रियाकलाप | ३०२,९४७।०० |
| २३ | नमुना विद्यालय शैक्षिक व्यवस्थापकीय अनुदान | | सूचना तथा शुभकामना | १५०,८२८।०० |
| २४ | निशुल्क पाठ्यपुस्तक | | भैपरी आउने | ८९,८२५।०० |
| २५ | इन्टरनेट | | कम्प्युटर मर्मत | १३५,०८५।०० |
| २६ | विद्यालय सुधार योजना अद्यावधिक | | मासिने सामान | ३,५३०।०० |
| २७ | तथ्याङ्कीकरण, सालेप तथा लेखा परीक्षण | | खप्ने सामान | १७,३००।०० |
| २८ | विद्यालय सञ्चालन अनुदान | | मर्मत संभार | ५८८,४२१।०० |
| २९ | प्रति विद्यार्थी लागत अनुदान | | विविध खर्च | २३६,८०५।०० |
| ३० | लक्षित वर्ग छात्रा छात्रवृत्ति (प्रदेश सरकार) | २२१,७९६।३३ | विद्यालयको आन्तरिक खेलकुद | ११८,३३७।०० |
| ३१ | विपत अनुदान बाउण्ड्री वाल (प्रदेश सरकार) | ४२३,५५०।०० | विषेश कक्षा सञ्चालन (आवाश खर्च मात्र) | १४८,३९७।०० |
| ३२ | करेसाबारी प्रर्बद्धन कार्यक्रम | ४९,२५०।०० | शैक्षिक सामग्री | ५९,९५०।०० |
| ३३ | राष्ट्रिय परीक्षा बोर्ड | १४४,३९३।०० | छात्रवृति वितरण (विबिध) | ४४६,७८४।९६ |
| ३४ | नमुना विद्यालय भौतिक (बोलपत्र शुल्क) | १८,०००।०० | अतिथि सत्कार | ७०,८१७।०० |
| ३५ | शंकर बानिया अक्षय कोष (रिना वानिया मार्फत) | १११,१११।०० | बाल विकास (मन्टेश्वरी थप खाजा तथा अन्य) | २४१,२४१।०० |
| ३६ | कबाड सामग्री बिक्री | १००,७७६।०० | पत्रपत्रिका | ३१,९८०।०० |
| ३७ | जर्ना बिक्री | ५०,०००।०० | यातायात खर्च | २८,४४०।०० |
| ३८ | विविध आम्दानी | ४८,७३२।४९ | टाई बेल्ट | २०,८६२।०० |
| ३९ | बैंक ब्याज आम्दानी | ८०६४७९१ | सामाजिक परीक्षण | २४,७२०।०० |
| | **अन्य आम्दानी** | **४१,१९०,९२६।७३** | परिचय पत्र | ७७,६४०।०० |
| | | | खानेपानी मर्मत | १९,६४६।०० |

| | | | | |
|---|---|---|---|---|
| ४० | प्रवेश सहयोग | ४८३,४००।०० | फर्निचर मर्मत | १८६,२३६।०० |
| ४१ | वार्षिक अभिभावक सहयोग | ९२५,९००।०० | पोषाक (टिसर्ट तथा ट्र्याक सुट) | ५३०,६३५।०० |
| ४२ | विद्यूत महसूल शुल्क | १६,१३४।०० | चन्दा पुरस्कार | ६६,६९६।०० |
| ४३ | होमवर्क डायरी | ५०,७००।०० | कृषि प्रयोगशाला सामग्री | २०३,५०४।०० |
| ४४ | परिचय पत्र | ४९,०००।०० | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | १,४५२,०२०।०० |
| ४५ | प्रयोगशाला आम्दानी | ३३०,२००।०० | बार्षिकोत्सब समारोह | २०५,००९।०० |
| ४६ | मन्टेश्वरी खाजा | ८४,९२५।०० | कार्यालय सञ्चालन तथा व्यवस्थापन | ४८४,०४०।०० |
| ४७ | मन्टेश्वरी मसलन्द | ८४,२००।०० | फिल्ड मर्मत | १६,५००।०० |
| ४८ | पुरानो बाकी बक्यौता | १,५४९,६४३।०० | सफ्टवेयर (सिस्टमेटिक तथा वेद एप) | ८१,१६९।०० |
| ४९ | विविध सहयोग | ११७,३००।०० | एसइइ मुल प्रमाण पत्र | ६,५००।०० |
| ५० | प्रयोगात्मक सहयोग | १५२,१००।०० | पोशाक (सरकारी, निजी) | ४४५,५००।०० |
| ५१ | सिफारिस/स्थानान्तरण प्रमाणपत्र | २७८,०००।०० | पुस्तकालय धरौटी फिर्ता | ३१,०००।०० |
| ५२ | कोठा भाडा | २६०,९५७।०० | लेखा परीक्षण | ८१,१५५।०० |
| ५३ | एसइइ मूलप्रमाण पत्र | ३६,०००।०० | विपत अनुदान बाउण्ड्री वाल (प्रदेश सरकार) | ३८०,०००।०० |
| ५४ | टाई बेल्ट शुल्क | २९,४००।०० | स्थानान्तरण प्रमाणपत्र | १४,०००।०० |
| ५५ | यातायात सहयोग | ३८६,७२०।०० | कृषि उपज केन्द्र निर्माण | ५७५,३७७।०० |
| ५६ | पोशाक सहयोग | ५२७,२००।०० | करेसाबारी प्रर्बद्धन कार्यक्रम (जिल्ला जनस्वास्थ्य) | ६३,७४५।०० |
| ५७ | परीक्षा आवेदन फाराम | ३४३,२००।०० | थ्रि फेस विद्युत जडान | ८५,०१६।०० |
| ५८ | परीक्षा सहयोग | १,०५१,६८५।०० | दिवा खाजा | ६२५,३८०।०० |
| ५९ | रजिष्ट्रेशन आवेदन फाराम सहयोग | १३२,९००।०० | बैंकिङ चार्ज | २,०५०।०० |
| ६० | कोचिङ सहयोग | २,९६५,४४४।०० | बैक ब्याज कर कट्टी | १२,०९७।१९ |
| ६१ | शिक्षण सहयोग | १,६७४,२६०।०० | गत वर्षको भुक्तानी | ४९७,७७१।०७ |
| | **विद्यालय आम्दानी** | **११,५२९,२६८।००** | गत वर्षको चेक सटही | ६९३,४५५।०० |
| | | | **जम्मा खर्च** | **६०,४४५,९०३।१५** |
| ६२ | सामर्थ सप्लायर्स | १०१,२८६।०० | ग्लोबल आइएमई बैक लि· (अक्षयकोष), खैरेनी | ६८१,२११।०० |
| ६३ | दुर्गेश कन्स्ट्रक्सन प्रा· लि· | ५००,०००।०० | ग्लोबल आइएमई बैक लि· खैरेनी | ५१७,४७८।५५ |
| ६४ | पार्वती पाण्डेय | ७३,८५२।५२ | कामना सेवा वि बैक लि· (प्रगति अक्षयकोष) | १३६,१६१।७९ |
| ६५ | चेक साट्न बाँकी | २,४०४,४६६।९७ | कामना सेवा विकास बैक लि· खैरेनी | ३५७,११६।१९ |
| ६६ | दुर्गा भूर्तेल (छात्र शौचालय) | १७,२३८।०० | एन· आई· सी· एसीया बैक लि· (प्रगति), खैरेनी | ३,००८।०० |
| ६७ | ५ प्रतिशत धरौटी | ५२३,६६९।०० | एन· आई· सी· बैक लिमिटेड, खैरेनी | ५,३०४,४४३।५७ |
| ६८ | कर दाखिला गर्न बाँकी | ३५,८१५।६३ | राष्ट्रिय वाणिज्य बैक लि भैरहवा | ४७०,७४९।१० |
| | **भुक्तानी दिन बाँकी** | **३,६५६,३२८।१२** | राष्ट्रिय वाणिज्य बैक लि भैरहवा (प्रगति) | १,०९१।०१ |
| | | | राष्ट्रिय वाणिज्य बैक लि (बुटवल) | २२०,४३३।२५ |
| | | | राष्ट्रिय वाणिज्य बैक लि (परासी) | २०,०३७।०५ |
| | | | साइन रेसुङ्गा बैंक खैरेनी | २५,५१०।०० |
| | | | **नगद तथा बैंक बाँकी** | **७,७३७,२३९।५१** |
| | **जम्मा** | **६८,१८३,१४२।६६** | **जम्मा** | **६८,१८३,१४२।६६** |

# १३. विद्यालयमा अवलम्बन भएका असल अभ्यासहरू

**कार्य सम्पादन भएका विषयहरु**

- विद्यालय व्यवस्थापन समितिको तर्फबाट **निरन्तर विद्यालयको समग्र क्षेत्रको अवलोकन तथा अनुगमन** गरी आवश्यक सल्लाह सुझाव प्रदान गरिएको छ ।
- **विद्यालय सुधार योजना अद्यावधिक** गर्नुका साथै सुधारका लागि **१२ बुँदे विद्यालय सुधार सङ्कल्प प्रस्ताव तयार गरी कार्यान्वयनको पहिलो वर्षमा योजनाबद्ध रुपमा काम गरिएको** छ ।
- शिक्षक, विद्यार्थी, अभिभावबाट प्राप्त **समस्या तथा सुझावहरु सम्बोधन गर्दै लगिएको** छ ।
- केरवानी मा.वि.असल **अभ्यास गर्ने विद्यालयभित्र छनोट** भएको छ । **प्राबिधिक धारतर्फ रुपन्देहीका उत्कृष्ट विद्यालयमा** छनोट भएको छ ।
- **भारतीय दूतावासबाट स्कुलका लागि भेन प्राप्त** भएको छ । यसले यातायातमा देखिएको समस्याले आंशिक सम्बोधन गरेको छ ।
- अभिभावक भेला तथा कार्यक्रमका लागि आवश्यक पर्ने ३ वटा एसी सहितका वातानुकुलित **सभाहल निर्माण भएको** छ ।
- **प्रगति मन्टेश्वरीको २ वटा कक्षाकोठामा एसी जडान गरी वातानुकुलित** बनाइएको छ ।
- कक्षाकोठालाई धुलो रहित बनाउन **पार्किङ टायल**को अधिकांश काम पूरा भएको छ । यस वर्ष पनि नयाँ भवन अगाडि पार्किङ टायल लगाइने छ ।
- गर्मी महिनामा सफा र **चिसो खानेपानीका लागि १५५ लि.को कुलिङ मिसिन**सहितको ५ वटा फिल्टर मेसिन जडान भएको छ ।
- **ट्रस्ट लगाइएको २ कोठे भवन** तयार भई सञ्चालित भएको छ ।
- **आवश्यक शौचालयको व्यवस्थापन** भएको छ ।
- आधारभूत तहका लागि **छुट्टै कम्प्युटर ल्याब कक्षको निर्माण** भएको छ । यससँगै विद्यालयमा कम्प्युटर ल्याब २ वटा भएका छन् । यसवर्ष पुराना कम्प्युटर हटाई ६ वटा नयाँ कम्प्युटर जडान गरिने छ ।
- विद्यालयको सबै क्षेत्र समेटिने गरी **साउण्ड सिस्टमको राम्रो प्रबन्ध** मिलाइएको छ ।
- राष्ट्रिय स्तरका उत्प्रेरकबाट शिक्षक, विद्यार्थी र अभिभावकलाई प्रशिक्षित गरिएको छ । विद्यालयमा नियमित रुपमा **उत्प्रेरणा कार्यक्रम तथा स्वजागरण कार्यक्रम सञ्चालन गरिएको** छ ।
- अभिभावको गुनासो मध्यनजर गर्दै **प्रशासनिक भवन प्रवेशद्वारमा स्थानान्तरण** गरिएको छ ।
- विद्यालयका अधिकांश **कक्षाकोठामा तथा फिल्ड कभर हुने गरी सिसिक्यामेरा जडान** गरिएको छ ।

- नमुना विद्यालय योजनाबाट निर्माण भएको भवनमा कक्षा सञ्चालन भएको छ । जहाँ **स्मार्ट बोर्डयुक्त १२ वटा कक्षाकोठामा पठनपाठन भइरहेको** छ । शिक्षकलाई कम्प्युटर तथा कक्षाकोठामा आवश्यक पर्ने प्रबिधि प्रयोगसम्बन्धी तालिम प्रदान गरिएको छ ।
- विद्यालयका लागि **९० डि डिएसएलआर क्यामेरा खरिद** भइ प्रयोग भएको छ ।
- विद्यालयमा **गुनासो सुनुवाइ संयन्त्र निर्माण** गरिएको छ । सबै कक्षामा **विषयगत शिक्षकको प्रबन्ध** मिलाइएको छ ।
- विद्यालयले विद्यार्थीका बिबिध पक्षको जानकारी लिन र दिनका लागि **केरवानी एप सञ्चालन**मा ल्याइएको छ । आगाडि वर्षबाट एपको प्रयोगलाई अझ पहुँचयोग्य बनाउन अभिभावकलाई समेत तालिम दिइने छ ।
- विद्यालयको आफ्नै वेवसाइट छ । हाम्रा विविध गतिविधिहरू **www.kerwaniss.edu.np** मा हेर्न पढ्न पाइन्छ । हाम्रा सार्वजनिक सूचनाहरू पनि वेवसाइट तथा पेजबाट सम्प्रेषण गर्ने र त्यसको विद्यार्थी तथा अभिभावकलाई पहुँचयोग्य बनाउने हाम्रो योजना छ ।
- **प्रगति मन्टेश्वरीमा पाश्चात्य र पूर्वीय दर्शन तथा बाल विकासका सिद्धान्तलाई** अबलम्बन गर्ने हिसाबमा मन्टेश्वरी कक्षा सञ्चालन भएको छ ।
  स.प्र.अ तथा तहगत कोअर्डिनेटरहरूको व्यवस्था मिलाइएको छ । तहगत शिक्षकको व्यवस्थापन र तहगत जिम्मेवारी र जवाफदेहितालाई बृद्धि गर्दै लगिएको छ ।
- **शिक्षक, विद्यार्थी तथा अभिभावकसँग करार सम्झौता** गरिएको छ ।
- विद्यालय हाताभित्रको सरसफाइमा ध्यान दिइएको छ ।
- समिति, शिक्षक, विद्यार्थीहरूको प्रयासबाट **फुल, च्याउ तथा नर्सरी विरुवा तयार गरी विक्री वितरण** गरिएको छ । जसले सिकाइलाई व्यवहारमा रुपान्तरण गरेको छ ।
- कृषि ल्याब, विज्ञान ल्यावको व्यवस्थापन गरिएको छ । **लाइब्रेरीमा विद्यार्थीहरुलाई मनपर्ने अन्य विधाका पुस्तकहरु राखिएका**ले स्वतस्फुर्त पढ्ने, छलफल गर्ने प्रचलनको विकास भएको छ ।
- क्यान्टिन सेवालाई प्रभावकारी बनाउने योजना सहित क्यान्टिनको व्यवस्थापन भएको छ ।
- बेर्ना उत्पादनका लागि कृषि टनेल, च्याउघर, बेबी पोण्ड (साना माछाको पोखरी), महुरीको घारको व्यवस्थापन गरिएको छ ।
- पठनपाठनलाई नतिजामुखी बनाइएको छ । यस विद्यालयबाट विज्ञान तथा बालिविज्ञान विषय लिइ कक्षा १२ उत्तीर्ण गरेका चार विद्यार्थीले उच्च शिक्षा अन्तर्गत बि.एस्सी नर्सिङ र वि.एस्सी.एजीमा १००% छात्रवृत्तिमा नाम लिकाल्न सफल भएका छन् । उनीहरुलाई बधाई छ ।
- विद्यार्थीहरुले हरित उद्यमशील परियोजना अन्तर्गत उत्पादन, बजारीकरण र आर्थिक सक्षमता हासिल गरेका छन् ।
- शिक्षकले कक्षाकोठामा विताएको समयको नियमित अभिलेख राखिएको छ ।

- शिक्षक विदा बस्दा कक्षाकोठा खाली नहुने गरी व्यवस्थापन मिलाइएको छ ।
- परीक्षापछि नतिजाको अभिभावकसहित विश्लेषण तथा नतिजा समीक्षा कार्यक्रम राखिएको छ । आगामी दिनमा शिक्षक, विद्यार्थी र अभिभावकसमेत रहने गरी त्रिपक्षीय नतिजा समीक्षा गरिने प्रतिबद्धता व्यक्त गर्दछु ।
- राम्रो विद्यार्थीको नतिजा अझ राम्रो बनाउन तथा कमजोर विद्यार्थीको नतिजा सुधार गर्न अतिरिक्त कक्षा सञ्चालन गरिएको छ ।
- जीवन उपयोगी सीप, असल संस्कार, व्यावहारिक ज्ञान प्रदान गर्ने योजनाबद्ध प्रयास छ ।
- विद्यार्थीको सन्तुष्टी, विद्यार्थीकै अपेक्षालाई सकेसम्म सम्बोधन गर्ने प्रयास गरिएको छ ।
- पुरानो मा.वि. विल्डिङको दक्षिणतर्फ छात्र शौचालय निर्माण भएको छ ।
- नयाँ भवन अगाडि रहेको ठूलो खाडललाई पुरेर फिल्डको रुपमा विकास गरिएको छ । विद्यालयलाई अझ आकर्षक बनाउँदै लगिने योजना छ ।

## १४. केरवानी मा.वि.को चुनौति, अपेक्षा र भावी योजना

- कक्षा ११ र १२ देवदहबाट बुटवल तथा काठमाडौं पढाउन लैजाने कुरालाई रोक्नु पर्ने छ । यसबाट हुने क्षति कम गर्न विद्यार्थी, अभिभावक, वडा कार्यालय र नगरपालिकाले समेत रचनात्मक योजना बनाउनु पर्ने देखिन्छ ।
- शिक्षकहरु विदामा बस्दा विद्यालयमा समस्या भएको छ । यसको समाधानका लागि नगर, वि.व्य.स. तथा अन्य निकायबाट सहयोगको खाँचो छ ।
- बालविकासमा अध्ययन गर्ने वालवालिकाहरूको संरक्षण र रेखदेखका लागि केरवानी मा.वि.को लगानी ठुलो छ । यसले आम अभिभावकलाई गुणस्तरीय बाल शिक्षा प्राप्तीमा सहयोग गरेको छ ।
- प्राविधिक शिक्षा बाली विज्ञानको प्रभावकारिताका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको प्रभावकारी कार्यान्वयन गर्ने भइरहेको छ । व्यावसायिक उत्पादनबाट बिक्री भएको ३० प्रतिशत विद्यार्थीलाई नै हस्तान्तरण गर्ने सम्झौता छ । यसले कक्षा ९ बाट नै पढ्दै कमाउँदै गर्ने कार्यमा सहयोग गरेको छ ।
- विषयगत, कक्षागत, स्तरगत र विद्यालयगत शैक्षिक उपलब्धि दर बृद्धि गर्नु ।
- चमेना गृहको व्यवस्थित व्यवस्थान र अनुगमनमा अभिभावकको सहयोग ।
- केरवानी मा.वि.का जग्गाहरूको व्यावसायिक प्रयोजन बृद्धि गर्दै यसबाट विद्यालय स्रोतमा कार्यरत शिक्षक कर्मचारी व्यवस्थापन गर्ने ।
- शैक्षिक गुणस्तरका लागि कार्यक्षमता अभिवृद्धि गर्न तालिमको उचित व्यवस्थापन गर्ने ।
- स्थानीय, प्रदेश र संघीय सरकारसँग समन्वय गरी आवश्यक आर्थिक सहयोग, अनुदान जुटाउने ।

- विद्यालयका भू.पू. विद्यार्थीहरूसँग समन्वय गर्दै आवश्यक सहयोग प्राप्त गर्ने ।
- खेलकुद लगायतका क्रियाकलाप गर्न बनाइएको खेल मैदान र कोर्टको अभाव छ ।
- विद्यार्थी सिकाइ र अनुशासनका लागि सम्बन्धित सरोकारवाहरू थप चनाखो हुनुपर्ने देखिन्छ ।
- नतिजा सुधार र अनुशासन कायम गर्न अभिभावकहरूको अह्म भूमिकाको आवश्यकता रहेको छ ।
- प्रगति केन्द्रमा हुने खर्च र त्यसको व्यवस्थापन चुनौतीपूर्ण छ ।
- विद्यार्थीलाई पढनपाठनमा सक्रिय बनाउने समुदायको अभाव छ । जसले गर्दा समग्र देवदहको नतिजा चिन्ताजनक छ यसमा सर्बपक्षीय योजना आवश्यक देखिन्छ ।
- शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षकहरूलाई सूचना प्रविधि र सिकाइ सहजिकरण तथा बाल मैत्री वातावरण निर्माण सम्बन्धी क्षमता विकास तालिम प्रदान गर्नु पर्ने छ ।
- प्राविधिक धारतर्फ बाली विज्ञानको कक्षालाई प्रभावकारी बनाउँदै लैजानु पर्ने छ । यसका लागि कक्षा ९ मा उत्कृष्ट विद्यार्थीलाई खोज्ने र भर्ना गर्ने योजना छ ।
- उमेरका आधारमा बालबालिकाको बसाइ व्यवस्थापनको गर्ने र बालविकासको कक्षाहरूमा कार्पेट र अन्य सौन्दर्यीकरण गर्ने तथा अत्यन्त गर्मी र जाडोबाट सुरक्षित गर्न बाल विकासका सबै कक्षाहरूमा ए.सी जडान गर्ने योजना छ ।

उल्लिखित समस्याहरूका वावजुद पनि विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, शिक्षाप्रेमी, वुद्धिजीवीहरू तथा नियमनकारी निकायको सहयोग सल्लाह, सुझाव लिँदै समस्यालाई अवसरका रुपमा सदुपयोग गर्दै शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने कार्य निरन्तर भइरहेको र केरवानी मा.वि. जिल्लाको मात्र नभएर देशकै अब्बल विद्यालयमा रुपान्तरित गराउन हामी सबै र शिक्षक कर्मचारीहरु प्रतिबद्ध रहेको कुरा यो गरिमामय सभामा जानकारी गराउँछु ।

अन्त्यमा यस विद्यालयलाई स्थापनाकालदेखि हाल यो स्थानसम्म ल्याई पुऱ्याउन सहयोग पुऱ्याउनु हुने विद्यालय व्यवस्थापन समिति, समाजसेवी, वुद्धिजीवी, शिक्षा प्रेमी, अभिभावक, समाजका अग्रज, शिक्षककर्मचारी, विद्यार्थी लगायत सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राख्दै आफ्नो अमूल्य समय दिई कार्यक्रममा उपस्थित हुनु हुने प्रमुख अतिथि लगायत सवैमा हार्दिक आभार प्रकट गर्दै यो प्रतिवेदन यही अन्त्य गर्न अनुमति चाहन्छु ।

**(निर्मल ढुङ्गाना)**
**प्रधानाध्यापक**

**(विरेन्द्र पाण्डेय)**
**का.वा.अध्यक्ष**

**तथा**

**केरवानी माध्यमिक विद्यालय, परिवार, देवदह ५, रुपन्देही**

# सन्दर्भ सामग्री


१. विद्यालय सुधार योजना २०८१-०८५ श्री केरवानी माध्यमिक विद्यालय ।

२. दर्पण (२०७०) हीरक स्मारिका, श्री केरवानी माध्यमिक विद्यालय, देवदह, रूपन्देही ।

३. विद्यालयको हाजिरी रजिस्टर २०८१, २०८२, श्री केरवानी माध्यमिक विद्यालय ।

४. EMIS Record श्री केरवानी माध्यमिक विद्यालय ०८१, ०८२ ।

५. सामाजिक परीक्षण २०८१/०८२, केरवानी मा. वि. ।

६. लेखा परीक्षणको प्रतिवेदन २०८०/०८१, केरवानी मा.वि. ।

७. कार्यक्रम कार्यान्वयन पुस्तिका २०८२/०८३, शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

८. नमुना विकास गुरु योजना २०७८-०८३, श्री केरवानी माध्यमिक विद्यालय ।

९. ७१ औँ वार्षिकोत्सब तथा अभिभावक दिवस प्रतिवेदन, २०८१ ।

१०. विद्यालय सुधार सङ्कल्प प्रस्ताव २०८२, श्री केरवानी माध्यमिक विद्यालय ।